# नेपाल राष्ट्र बैंक

## बित्तीय संस्था सुपरीवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ
फोन नं: ४१४९९६
फ्याक्सः ४१५१५८
E-mail: nrbfisd@nrb.org.np
Web Site: www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्सः २२०७ रावा एनपी
पोष्ट बक्सः ७३

पत्र संख्याः वि.स.सु.वि. /६०/कुबेर/०६७/६८
च.नं.: ४८०

मितिः २०६७/०९/०५

**कुबेर मर्चेन्ट फाइनान्स लिमिटेड**
पुतलीसडक, काठमाण्डौं

**विषयः बार्षिक वित्तीय विवरण प्रकाशन गर्न स्वीकृती प्रदान गरिएको बारे ।**

महाशय,

त्यस संस्थाको आ.व. २०६६/०६७ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, सोसंग सम्बन्धित अनुसूचीहरू, लेखापरीक्षकको प्रतिवेदन, लङ्गफर्म अडिट रिपोर्ट लगायतका वित्तिय विवरणहरूको आधारमा गैर-स्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरूका सम्बन्धमा देहाय बमोजिमका निर्देशनहरू सहित वार्षिक साधारण सभाको प्रयोजनका लागि आ.व. २०६६/६७ को वित्तीय विवरणहरू प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

क) निम्न निर्देशनहरू कार्यान्वयन गरी यस बैंकलाई जानकारी गराउनका साथै सर्वसाधारणको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशन गर्नु हुन ।

१. यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन नं. ३ को दफा ११ उपदफा (२) खण्ड (ख) मा व्यवस्था भएबमोजिम प्राथमिक पूँजीको शत प्रतिशतभन्दा बढी एउटै क्षेत्रमा प्रवाहित कर्जा र सापट सुविधाका सम्बन्धमा सञ्चालक समितिबाट अनुमोदन गर्ने व्यवस्था गर्नु हुन ।
२. संस्थाले रियल स्टेट क्षेत्रमा कर्जाको ३४.१८ प्रतिशत कर्जा प्रवाह गरेकोले यसलाई यस बैंकको निर्देशन बमोजिम २०६८ आषाढ मसान्तसम्ममा १५ प्रतिशतको सीमामा ल्याउन संस्थाको ध्यानाकर्षण गराइएको छ ।
३. यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन नं. १७ को दफा ४ खण्ड (ख) मा व्यवस्था भएबमोजिम विपन्न वर्गमा गणना हुने गरी प्रदान भै रहेको थोक कर्जा सदुपयोग भए/नभएको सम्बन्धमा वित्तीय संस्थाबाट ६/६ महिनामा विवरण माग गरी सदुपयोगिता अनुगमन गर्नु हुन ।
४. व्यापारिक र औधोगिक कर्जाहरू प्रदान गर्दा परियोजना लिई संभाव्य देखिएका परियोजनाहरूमा मात्र लगानी गर्ने व्यवस्था गर्नु हुन ।
५. कर्जा दिंदा जमानी बस्ने जमानीकर्ताको कर्जा सूचना लिने व्यवस्था गर्नु हुन ।
६. संगठित संस्थाको शेयरमा गरेको लगानीलाई अनुसुची ४.१२ (क) अन्तर्गत disclose गरी वार्षिक प्रतिवेदनमा प्रकाशित गर्नु हुन ।
७. यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन नं. १५ को दफा ४ मा व्यवस्था भएबमोजिम हरेक त्रयमास समाप्त भएको ७ दिन भित्र संस्थाले निक्षेप तथा कर्जाको व्याजदर यस बैंकमा अनिवार्यहरूपमा पठाउनु हुन ।
८. लेखापरीक्षकले औंल्याएका कैफियतहरू सुधार गर्नु हुन ।

ख) वित्तिय संस्थाले आ.व. २०६६/६७ मा खुद मुनाफा रू. ५७,२१ हजार आर्जन गरेको, स्थगन कर खर्च रू. ४,५५ हजार र गत वर्षसम्मको सञ्चित मुनाफा रू. ८९,९३ हजार समेत गरी २०६७ आषाढ मसान्तसम्ममा कुल सञ्चित मुनाफा रू. १,५१,६९ हजार देखिएको । उक्त सञ्चित मुनाफामा यस वर्षको साधारण जगेडा कोष रू. ११,४४ हजार छुट्याउदा बाँडफाँडका लागि उपलब्ध हुने रकम रू. १,४०,२५ हजार देखिएको । संस्थाले उक्त रकमबाट शेयरधनीहरूलाई रू. ७५,०० हजार नगद लाभांश वितरण गर्न पुग्ने भएकोले प्रस्ताव बमोजिम नगद लाभांश वितरण गर्न स्वीकृत प्रदान गरिएको छ ।

भवदीय,

(रामचन्द्र भट्टराई)
सहायक निर्देशक

बोधार्थः
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

# कुबेर मर्चेन्ट फाइनान्स लिमिटेड

**आ.व २०६६/०६७ को वार्षिक वित्तीय विवरण प्रकाशन गर्न स्वीकृती दिंदा**

**नेपाल राष्ट्र बैंकले दिएको निर्देशन सम्बन्धमा**

**संस्थाको प्रतिकृया**

क)

१. निर्देशन मुताविक अनुमोदन भै सकेको ।

२. रियल स्टेट कर्जालाई क्रमशः घटाउदै लगेको र हाल करिब २१% मा झरी सकेको ।

३. आवश्यक्ता अनुसार विवरण लिई सकेको ।

४. कुनै पनि कर्जा दिंदा कर्जाको प्रकार अनुसारको विश्लेषण गर्ने गरिएको ।

५. जमानी बस्नेको पनि आवश्यक कर्जा सूचना लिने गरिएको ।

६. निर्देशन मुताविक लगानीको विवरण बार्षिक प्रतिवेदनमा प्रकाशित गरिनेछ ।

७. निर्देशन मुताविक समय समयमा रिपोर्ट पठाउने गरिएको ।

८. लेखा परिक्षकले औंल्याएका कैफिएतहरूलाई क्रमशः सुधार गर्दै गरिएको ।

(ख) नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए बमोजिम रू. ७५,०० हजार नगद लाभांश वितरणको प्रस्ताव पांचौं बार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गरिएको छ ।